बैठक नं. ५/(२०८१-२०८२)

आज मिति २०८१ साल पौष २६ गते भेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्ती ज्युको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक वसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति

| क्र स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | |
| २ | श्री गीता जैसी | नगर उप प्रमुख | |
| ३ | श्री दिपक राना | वडा अध्यक्ष वडा नं - १ | |
| ४ | श्री भीम बहादुर कार्की | वडा अध्यक्ष वडा नं - २ | |
| ५ | श्री लिला बहादुर शाह | वडा अध्यक्ष वडा नं - ३ | |
| ६ | श्री बसन्त प्रसाद शर्मा | वडा अध्यक्ष वडा नं - ४ | |
| ७ | श्री लाल बहादुर चन्द | वडा अध्यक्ष वडा नं - ५ | |
| ८ | श्री शशिराम बुढा | वडा अध्यक्ष वडा नं - ६ | |
| ९ | श्री दिप बहादुर शाही | वडा अध्यक्ष वडा नं - ७ | |
| १० | श्री वीर बहादुर चन्द | वडा अध्यक्ष वडा नं - ८ | |
| ११ | श्री हिरा प्रसाद शर्मा | वडा अध्यक्ष वडा नं - ९ | |
| १२ | श्री दल बहादुर राना | वडा अध्यक्ष वडा नं – १० | |
| १३ | श्री लक्ष्मी प्रसाद जैसी | वडा अध्यक्ष वडा नं – ११ | |
| १४ | श्री भक्त बहादुर मल्ल | वडा अध्यक्ष वडा नं – १२ | |
| १५ | श्री यज्ञ बहादुर बटाला | वडा अध्यक्ष वडा नं – १३ | |
| १६ | श्री लिला देवी गौतम वि.क | कार्यपालिका सदस्य | |
| १७ | श्री मोती नेपाली | कार्यपालिका सदस्य | |
| १८ | श्री सृजना घर्ती | कार्यपालिका सदस्य | |
| १९ | श्री भिम कुमारी पुन | कार्यपालिका सदस्य | |
| २० | श्री काली खत्री | कार्यपालिका सदस्य | |
| २१ | श्री मनिराम दमाई | कार्यपालिका सदस्य | |
| २२ | श्री गोपाल लोहार | कार्यपालिका सदस्य | |
| २३ | श्री डोटे नेपाली बादी | कार्यपालिका सदस्य | |
| २४ | श्री दल बहादुर घर्ती | नि. प्रमुख प्रशासकीय अधिकृत | |
| | | | |
| | | आमन्त्रित | |
| २५ | प्रकाश कुमार शाही | कानुन अधिकृत | |
| २६ | प्रकाश बटाला | अधिकृत | |
| २७ | सुधा हमाल | अधिकृत | |
| २८ | सुर्य प्रसाद लम्साल | सूचना अधिकृत | |
| २९ | केदार बहादुर कार्की | सहायक स्तर चौथो | |
| ३० | दिप बहादुर घर्ती | [illegible] | |
| ३१ | निर्मल डाँगी | सब-इन्जिनियर | |

निर्णयहरु

१. चालु आ.व. को हिउँदे नगरसभा निम्नानुसार सम्पन्न गर्ने ।

क. नगरसभामा पेश गर्ने प्रस्ताव तयारी तथा अनुमोदनकोलागि कार्यपालिका वैठक मिति २०८१।१०।०४ गते
ख. हिउँदे नगरसभा सँचालन मिति २०८१।१०।०६ गते

२. चालु आ.व. को अर्धबार्षिक समिक्षा २०८१।१०।२७ गते सँचालन गर्ने ।

३. कर्णाली प्रदेश सरकारद्वारा राजपत्रमा प्रकाशित स्थानीय सेवा (गठन तथा सँचालन) ऐन, २०८१ को दफा ८ वमोजिम उक्त ऐनको दफा ८, २(क), १५ तथा स्थानीय सेवा (गठन तथा सँचालन) नियमावली , २०८१ को दफा १४ (६) वमोजिम मिति २०८१ माघ ४ गतेदेखि लागु हुनेगरि यस नगरपालिकाको नगर कार्यपालिकाको कार्यालयमा कार्यरत तपशिलमा उल्लेखित कर्मचारिहरुको तह कायम निम्नानुसार गर्ने ।

| साविकको विवरण | | | | | | | हालको विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र सं | कर्मचारिको नाम | पद | तह | सेवा / समूह | शुरु नियूक्ति मिति | कार्यालय | हाल कायम गरेको पद/तह | सेवा /समूह | जेष्ठता कायम हुने मिति |
| १ | श्री दल बहादुर घर्ती कर्मचारी संकेत नं (६-६५-४६९६-००१५३) | कार्यक्रम अधिकृत | अधिकृत स्तर छैटौं | प्रशासन/ सामान्य प्रशासन | २०६९।४।१ | जिविसको कार्यालय, जाजरकोट | प्रशासकीय अधिकृत(अधिकृतस्तर सातौं) | स्थानीय /प्रशासन | २०७७ फाल्गुण ६ |
| २ | श्री अमृत बहादुर पुन कर्मचारी संकेत नं (२१४३११) | शिक्षा अधिकृत | अधिकृत स्तर छैटौं | शिक्षा सेवा /शिक्षा प्रशासन | २०७६।११।१ | भेरी नगरपालिका जाजरकोट | वरिष्ठ शिक्षा अधिकृत (अधिकृतस्तर सातौं) | स्थानीय शिक्षा सेवा /शिक्षा प्रशासन | २०७७ फाल्गुण ६ |

४. चालु आ.व. को स्वीकृत मुख्यमन्त्री कार्यक्रम अन्तर्गत वडा नं १ को राउतगाउँ- कोल्चौर-मैदे सडक स्तरोन्नति कार्यकोलागि योजना छनौट तथा वजेट स्वीकृत भई आएकोमा उक्त सडक खण्ड भूकम्प प्रभावितहरुकोलागि संयूक्त पुनरलाभ कार्ययोजना (JRAP) अन्तर्गत WFP र IDS Nepal को साझेदारिमा स्तरोन्नति कार्य गरिएकोमा उक्त JRAP परियोजनाको वजेट अपुग भई स्तरोन्नति कार्य बाँकि रहेकोले प्राविधिकको सिफारिश वमोजिम सो सडक खण्डको बौद्ध चमेरे गुफा नजिक आरसिसि ढलान तथा ग्याविन वालको काम गर्ने ।

५. प्रस्तुत विषयमा स्वास्थ्य सेवा कार्यालय जाजरकोटको मिति २०९१।०९।२२ च.नं. ४०४ को प्राप्त पत्रानुसार उक्त कार्यालयमा रहेको One-Stop Crisis Management Centres (OCMCs) एकद्वार संकट व्यवस्थापन केन्द्र सेवा व्यवस्थापनका लागि एक जना कर्मचारी सहयोग गरिदिन अनुरोध भई आएकोले मासिक रु २० हजार पारिश्रमिक उपलब्ध गराउने गरी करार सेवामा कार्यालय सहयोगि नियुक्ति गरी पठाउने र सोको तलव रकम राजश्व बाँडफाँड शिर्षक अन्तर्गत करार सेवा शुल्क खर्च बिनियोजित शिर्षकबाट भुक्तानी गर्ने ।

६. MBBS अध्ययनकालागि पूर्ण छात्रवृति कोटामा नाम निकाल्ने नगरपालिका भित्रका विद्यार्थीहरुलाई खाना तथा आवास सुविधा उपलब्ध गराउने नगरपालिकाको नीति अनुसार यस वर्ष भेरी नगरपालिका वडा नं ११ स्थायी निवासी श्री हिरालाल आचार्यको छोरा श्री दिपेश आचार्यले MBBS अध्ययनकालागि पूर्ण छात्रवृति कोटामा नाम निकालेको र निजले Lumbini Medical College and Teaching Hospital Ltd Tansen Palpa Nepal को विध्यार्थी भर्नाको अभिलेख तथा वार्षिक खाना तथा आवासको स्टमेट सिफारिश पत्र समेत संलग्न राखि आफ्नो वार्षिक खाना तथा आवासकोलागि लाग्ने प्रति वर्ष रु १ लाख ८० हजार लाग्ने भएकाले उक्त वरावरको वार्षिक रकम सहयोग गरिपाउँ भनि फायल निवेदन पेश गरेकोले नगरपालिकाको स्वीकृत नीति अनुरुप MBBS अध्ययन उत्तिर्ण गरिसके पश्चात यस नगरपालिका अन्तर्गतका अस्पतालमा १ वर्ष अनिवार्य सेवा गर्ने शर्त कायम राखि निजलाई ५ वर्षसम्म खाना तथा आवास वापत प्रति वर्ष रु १ लाख ८० हजार रकम उपलब्ध गराउने ।

७. नगर विपद व्यवस्थापन समितिको मिति २०८० मंसिर २५ को निर्णयानुसार भुकम्पबाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि, २०८० वमोजिम लाभग्राहिलाई पहिलो किस्ता उपलब्ध गराउने सन्दर्भमा सम्वन्धित लाभग्राहिले घर भत्काउनकालागि कबुलियतनाम गर्नुपर्ने प्रावधान राखिएकोमा उक्त कवुलियतनामाको प्रावधान खारेज गरि विपद्वाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान मापदण्ड,२०८१ वमोजिम दोश्रो किस्ता भुक्तानि प्रक्रिया अगाडि बढाउने ।

८. पहाडि क्षेत्र विकास अभियान जाजरकोटद्वारा संचालित एकिकृत जलस्रोत व्यवस्थापन कार्यक्रम हेल्भेटास नेपाल अन्तर्गत आ.व. ०८२/८३ मा संचालन गर्नका लागि योजनाहरुको सर्भे डिजाईन तथा इष्टिमेट कार्य गर्न योजनाहरु छनौट गरी पठाईदिन अनुरोध भई आएकोमा उल्लेखित कार्यहरुकोलागि निम्न योजनाहरु छनौट गरि सिफारिश गर्ने।
क) सागवारी चिसापानी मुहान देखि पुन्मा खानेपानी योजना वडा नं -७
ख) उतिसेनी र पानीमूल मुहानदेखि दोकाना खानेपानी योजना वडा नं -७

९. पहाडी क्षेत्र विकास अभियान जाजरकोटसंगको साझेदारीमा संचालित वालिका सशक्तिकरण परियोजनाका लागि रु ९० लाख रुपैयाँ परियोजनाबाट र रु १ लाख ५ हजार रुपैयाँ नगरपालिकाले व्यहोर्ने गरी सम्झौता भएकोमा सम्झौता बमोजिमको उक्त रकम संघीय सरकार राजस्व बाँडफाँड अन्तर्गत कार्यक्रम खर्त शिर्षकबाट भूक्तानी लेखे ।

१०. भेरी नगरपालिका ४ नं. वडा कार्यालयको मिति २०८१।०९।२६ को पत्र तथा जेष्ठ नागरिक जिल्ला संघ जाजरकोटको मिति २०८१।०९।१४ च. नं. १४ को निवेदन अनुसार उक्त संघको नाउँमा भेरी नगरपालिका वडा नं. ४ बोहरामा कि. नं. ८२५ को ५९५।६० बर्गमिटर क्षेत्रफलको जग्गा रहेको र उक्त जग्गामा जेष्ठ नागरिकहरुको प्रयोजनका लागि मन्दिर शौचालय तथा बिश्राम कक्षसहित भएको ४ कोठे भवन निर्माणका लागि कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालयमा सिफारिस गरिदिने भनी अनुरोध भई आएकोले माग बमोजिम भवन निर्माणका लागि सिफारिस गर्ने ।

CS CamScanner